सुदूरपश्चिम विश्वविद्यालय

# कृषि विज्ञान संकाय, डीनको कार्यालय

टीकापुर, कैलाली

## कृषि विज्ञान संकाय प्रवेश परीक्षा भर्ना निर्देशिका २०८१/०८२

१. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० (एकसय) जना रहनेछ।

२. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० जना मध्ये आरक्षित छात्रवृति कोटा २५% (पच्चिस प्रतिशत) रहनेछ।

३. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ मा (विज्ञान/कृषि), तीन वर्षे कृषि डिप्लोमा वा सो सरहको तहमा न्यूनतम १०० पूर्णाङ्कको अनिवार्य अंग्रेजी (Compulsory English), रसायनशास्त्र (Chemistry), जीवशास्त्र (Biology) र पचास (५०) पूर्णाङ्कको गणित (Mathematics) एवं भौतिकशास्त्र (Physics) विषय अध्ययन गरी कुल प्राप्ताङ्कको पचास प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा 2.00 CGPA प्राप्त गरेको हुनुपर्नेछ।

४. प्रवेश परीक्षा शुल्क रू.२,५०० ।– (दुई हजार पाँच सय मात्र)।

५. एकभन्दा बढी आरक्षित कोटाको लागि प्रति कोटा थप रू.१,००० ।–(एक हजार मात्र) का दरले अतिरिक्त शुल्क लाग्नेछ।

६. आरक्षित कोटा छनौट गर्दा प्राथमिकताका आधारमा छनौट गर्नु पर्नेछ।

७. Online/offline प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद:

क) मिति २०८१/०४/२४ गते देखि २०८१/०५/२७ गते सम्म।

ख) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैंक लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको चल्ती हिसाब खाता नं. १०७००१०६५५३९२५००००१ मा दाखिला गरेको सक्कल बैक भौचर एवं आवश्यक कागजातहरुको pdf फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम website:agriculture.fwu.edu.np मार्फत online मा भरी पठाउनुपर्नेछ र offline को हकमा कृषि विज्ञान संकायबाट प्रवेश आवेदन फारम प्राप्त गरि सोही कार्यालयमा बुझाउन सकिने छ।

ग) Online मार्फत प्रवेश परीक्षा आवेदन फाराम upload गरे पश्चात त्यहाँ confirmation code आउँछ सो confirmation code प्रवेश परीक्षा आवेदन फारम भर्दा भएका त्रुटी सच्चाउन र प्रवेश पत्र प्रिन्ट गर्न अवश्यक पर्ने भएकोले confirmation code सुरक्षित राखी आफ्नो प्रवेश पत्र स्वयम् विद्यार्थीले प्रिन्ट गर्नु पर्नेछ र offline मार्फत प्रवेश परीक्षा आवेदन फाराम भर्ने को हकमा प्रवेश पत्र कृषि विज्ञान संकाय बाट प्राप्त गर्न सकिनेछ।

घ) प्रवेश परीक्षा दिन आउँदा विद्यार्थीहरुले प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैंक भौचर साथमा ल्याई आउनुपर्नेछ ।

ङ) प्रवेश परीक्षा आवेदन फाराम भर्दा upload गर्नुपर्ने/बुझाउनु कागजातहरु:

- SEE को Marksheet, Provisional र Character Certificate।
- १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरहको Transcript, Provisional, Migration र Character Certificate।
- आरक्षित कोटा छात्रवृतिका लागि सरकारी निकायको सिफारिस।
- नेपाली नागरिकता र पासपोर्ट साईज फोटो।
- सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेको भए सो प्रमाणित हुने सरकारी/स्थानिय निकायको सिफारिस।
- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता (Equivalent) पत्र।

च) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन।

९. प्रवेश परीक्षा मिति २०८१।०६।०३ गते बिहिबार बिहान ११:०० बजे टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलाली र काठमाण्डौमा सञ्चालन हुनेछ र नतिजा प्रकाशन मिति २०८१/०६/०४ गते website मार्फत गरिनेछ।

१०. आरक्षित २५% छात्रवृत्तिको व्यवस्था:

सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, डीनको कार्यालयद्वारा प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ।

क) सुदुरपश्चिम प्रदेश का ९ वटा जिल्लाहरुबाट प्रत्यक १/१ जना गरी जम्मा ९ जना। (सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट SEE वा १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)

(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला २ जना।

(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष २ जना ।

(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थायी प्राध्यापक तथा कर्मचारीका श्रीमान्/श्रीमति/छोरा/छोरी मध्येबाट २ जना। (प्राध्यापक तथा कर्मचारीको स्थायी नियुक्ति पत्रको प्रतिलिपि)

(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी २ जना। (मधेशी प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित २ जना। (दलित प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति २ जना। (जनजाति प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानीय २ जना। (टीकापुर, लम्कीचुहा, भजनी नगरपालिका र जानकी, जोशिपुर गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)।

(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपाङ्ग १ जना। (अपाङ्ग प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(ञ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना। (नेपाल सरकारले तोकेको पिछडा क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)

११. प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ ।

१२ SEE १०%(दश प्रतिशत), १०+२ (विज्ञान/कृषि) वा तीन वर्षे कृषि डिप्लोमा १०%(दश प्रतिशत) र प्रवेश परीक्षाको ८०%(असी प्रतिशत) अङ्क भार कायम गरी योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ।

१३. प्रवेश परीक्षामा प्रमाणपत्र तहको syllabus बमोजिम अनिवार्य अंग्रेजी–१४, रसायनशास्त्र–१४, जीवशास्त्र–१५, बनस्पतिशास्त्र–१५, गणित–१४, भौतिकशास्त्र १४, कृषि तथा पशु विज्ञानका विषयहरु १० र सामान्य ज्ञानबाट–४ प्रश्नहरु समावेश गरिनेछ। साथै सबै प्रश्नहरु वस्तुगत हुनेछन्। प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्नहरु हुनेछन् जसका लागि १ घण्टाको समय हुनेछ र अङ्कको बिभाजन निम्नानुसार गरिएको छ ।

| S.No. | Subject | Marks |
|---|---|---|
| 1 | English | 14 |
| 2 | Chemistry | 14 |
| 3 | Physics | 14 |
| 4 | Botany | 15 |
| 5 | Zoology | 15 |
| 6 | Mathematics | 14 |
| 7 | Agriculture/Animal Science | 10 |
| 8 | General Knowledge | 4 |
| Total Marks | | 100 |

१४. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि कृषि विज्ञान संकायको टेलिफोन नं.०९१–५६०८२४/५६०२६५/५६००८८ मा सम्पर्क गर्न वा website:www.agriculture.fwu.edu.np मा हेर्न सकिनेछ।

**प्रवेश परीक्षा व्यवस्थापन तथा संचालन समिति**